# "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी
# कार्यविधि, २०७५

**पाखीबास नगरपालिका,धनकुटा**

**नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७५/०१/१९**

**पहिलो संशोधन : २०७७/०३/३१**

## "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी

## कार्यविधि, २०७५

स्थानीय स्तरको विकास निर्माणमा निजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरीदको मूलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको पारदर्शिता, क्षेत्रमा स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजि क्षेत्रको सहज पहुँचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी पाखीबास नगरपालिकाले तत्काल कार्यन्वयन गर्नका लागि यो कार्यविधि जारी गरिएकोछ ।

## परिच्छेद १

**(१) सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) सङ्क्षिप्त नाम : यस कार्यविधिको नाम "घ वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७५" रहनेछ ।

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

**(२) परिभाषा र व्याख्या :**

**(क)** **"ऐन भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४"** लाई जनाउनेछ ।

**(ख)** **"सभा"** भन्नाले पाखीबास नगरपालिकाको नगर सभालाई जनाउनेछ ।

**(ग)** **"कार्यपालिका"** भन्नाले पाखीबास नगरपालिकाको कार्यपालिकालाई जनाउनेछ ।

**(घ)** **"कार्यविधि"** भन्नाले पाखीबास नगरपालिकाबाट पारित भई लागु भएको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधिलाई जनाउनेछ ।

**(ङ)** **"नगरपालिका"** भन्नाले पाखीबास नगरपालिकालाई जनाउनेछ ।

**(च)** **"निर्माण व्यवसायी"** भन्नाले यस नगरपालिकामा कार्यविधि बमोजिम दर्ता भएका निर्माण सम्बन्धी कार्य गर्ने व्यवसायीलाई जनाउनेछ ।

**(छ)** **"सार्वजनिक निर्माण"** भन्नाले सार्वजनिक प्रयोग हुने गरि बिभिन्न सरकारी, नगरपालिका, गैह्रसरकारी संध-संस्थाबाट निर्माण हुने भौतिक संरचनालाई जनाउनेछ ।

## परिच्छेद-२

### इजाजत पत्र सम्बन्धी व्यवस्था

**(३) इजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यबिधि बमोजिम इजाजत पत्र प्राप्त नगरि “घ” बर्गको निर्माण ब्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण गर्न हुदैन ।

**(४) नयाँ ईजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची -१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्ने इजाजत पत्रको लागि यस पाखीबास नगरपालिको कार्यालयका प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका निबेदन उपर जाँचबुज गर्नका लागि देहाय बमोजिमका समिति हुनेछ ।

प्रमूख प्रशासकीय अधिकृत - संयोजक

स्थानीय निर्माण व्यवसायी संघको प्रतिनिधि वा जिल्ला संघले तोकेको प्रतिनिधि- सदस्य

कार्यालयको सिभिल इन्जिनियर -सदस्य सचिव

(३) दफा (४) को उपदफा (१) को प्रयोजनको लागि प्राप्त भएको निवेदन उपर जाँच गर्न दफा (४) को उपदफा (२) बमोजिम गठित समितिले आवश्यक परेमा विज्ञ व्यक्तिलाइ समेत आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरुलाई प्रमूख प्रशासकीय अधिकृतले **अनुसुची ५** बमोजिमको योग्यता भए नभएको सम्बन्धमा उपदफा (२) बमोजिम गठित समितिबाट जाँच गराइ समितिले दिएको सिफारिस साथ इजाजत प्रदान गर्ने निर्णयको लागि कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको गठित समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म कम्पनीहरुको इजाजत पत्र कार्यपालिकाको निर्णय बमोजिम प्रमूख प्रशासकीय अधिकृतले इजाजत बापत **अनुसुची -२** बमोजिमको दस्तुर लिई निजलाई **अनुसुची -३** बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

**(५) इजाजत पत्रको अवधि र नवीकरण :**

(१) दफा (४) बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा (६) बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्तसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएको प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र अन्य निकाय र यस कार्यालयलाई तिर्नु पर्ने कर तिरी सम्बन्धित कर कार्यालयबाट कर चुक्ता प्रमाण पत्र र अन्य नियमनकारी निकायबाट नबिकरण गरेको प्रमाण सहित इजाजत पत्र नविकरणको लागि निवेदन दिएको खण्डमा कार्यालयले **अनुसुचि -२** बमोजिमको शुल्क लिई नविकरण गर्नु पर्नेछ । इजाजतपत्र नविकरण गर्न र कागजात पेश गर्दा

**अनुसुची -४** बमोजिमको पास बुक भरी अधिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्नेछ । यसरी **अनुसुचि -४** बमोजिमको पास बुक बिवरण अद्यावधिक नगर्ने फर्म कम्पनीको इजाजत पत्र नबिकरण गर्न कार्यालय बाध्य हुने छैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ६ महिनाभित्र सबै प्रकृया पुरा गरि इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्ने माग गरेमा **अनुसूची-२** बमोजिमको डब्बल दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाज पत्र नवीकरण गरी दिनेछ ।

**(६) इजाजत पत्रको खारेजीः**

(१) देहायको अवस्थामा यस कार्यालयले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्टा विवरण पेश गरी इजाजत पत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्टा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको भनि सम्वन्धित निकायवाट लेखि आएमा ।

(घ) नगरपालिकामा पास भएको नक्सा बमोजिम काम नगरी स्वरुप संरचनामा पविरवर्तन गरेको पाईएमा वा ढिला सुस्ती गरेको निवेदन दर्ता हुन आएमा इजाजतपत्र नगरपालिकाले निलम्बन गरी कुल मुल्याङ्कन प्रतिवेदनको न्युनतम एक प्रतिशत जरिवाना वा दर्ता खारेजी समेत गर्न सकिनेछ ।

(ङ) अन्य निकायबाट ठेक्का लिई काम नगरेको, पेश्की लिई फछ्र्यौट नगरेको देखिएमा वा सरकारी सम्पती हानी नोक्सानी हुने गरि काम गरेको पाईएमा इजाजत पत्र खारेजी गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई मनासिव माफीको स्पष्टीकरण पेश गर्न कम्तिमा १५ दिनको म्याद दिइ सुचना दिइनेछ ।

(३) दफा (५) को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण हुन नआएमा निर्माण व्यवसायीको इजाजत पत्र स्वतः खारेजी हुनेछ ।

(४) उपदफा (१) र (३) बमोजिम इजाजत पत्र खारेजी भएमा यस कार्यालयले सम्बन्धित फर्म वा क्रम्पनी वा दर्ता गर्ने कार्यालय वा नियमनकारी निकायलाई जानकारी दिनेछ ।

**(५) इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था :** कुनै निर्माण व्यवसायीले इजाजत पत्र हराए वा नासिएको कारणबाट इजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा **अनुसूची -२** बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी प्रमाणको आधारमा दिईनेछ ।

**(६) प्रचलित कानून बमोजिम हुने :** यस कार्यविधिमा लेखिएको हकमा यसै कार्यविधि बमोजिम र नलेखिएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**(७) बचाउ :** यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

# अनुसुचि - १

कार्यविधि २०७५ को दफा ४ को उपदफा १ संग सम्बन्धित
इजाजन पत्रको लागि दिईने दरखस्त

बिषयः **इजाजत पत्र पाउ भन्ने बारे।**

श्री पाख्रीबास नगरपालिकाको कार्यालय
पाख्रीबास, धनकुटा

यस....................................कार्यलयको “घ” वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यबिधिको ....................बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत पत्र पाउन निम्न बिवरण भरी यो दरखास्त पेश गरिएको छ ।

**१. दरखस्त पेश गर्ने फर्म वा कम्पनीको :-**

नामः
ठेगनाः
पोष्ट बक्स नंः
टेलिफोन नं :........................................फ्याक्स नंः....................................इमेलः ........................

**२. फर्म वा कम्पनीको प्रकृती :**

| प्राईभेट लिमिटेढ कम्पनी | पब्लिक लिमिटेढ कम्पनी | एकलौटी | साझेदारी |
|---|---|---|---|
| | | | |

(कोष्टमा रेजा लगाउनु पर्नेछ)

**३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारिक व्यक्तिको :-**

नाम : पोष्ट बब्स नंः
ठेगना : फ्याक्स नंः..........................इमेलः...................
टेलिफोन :

**४. फर्म वा कम्पनीको बिवरण**

दर्ता नं : दर्ता मिति :
अधिकृत पूँजी : जारी पूँजी :
स्थीर पूँजी :
चालु पूँजी :

**५. इजाजत पत्र लिन चाहेको वर्ग :- (घ बर्ग)**
**६. समुहिकरण हुन चाहेको समूह :-**

**७. आर्थिक श्रोतको विवरण :-**

| विवरण | रकम | वित्तीय संस्था/बैकको नाम |
|---|---|---|
| स्थायी ओभर ड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लिखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

**८. कामदारको विवरण :-**

(क) प्राविधिक :-
(ख) अप्राविधिक :-
ग अन्य :-

प्राविधिक कर्मचारीको सर्टिफिकेटको प्रतिलिपि तथा निजको मंजुरीनामा पेश गर्नु पर्नेछ ।

**९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-**

| सि.नं. | नाम तथा बिवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य ब्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य** : यस विवरणमा उल्लिखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियरद्वारा प्रमाणित भएको हुनुपर्नेछ ।

**१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-**

| सि.नं. | निर्माण सम्वन्धि कामको प्रकृती | काम गरेको साल | रकम | ठेक्कादाता कार्यलयको नाम | कामको अवस्था ( प्रगती प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**११. कर चुक्ता गरेको प्रमाण कागजात :-**

क.
ख.
ग.

यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण ब्यहोरा ठीक साँचो छ । झुट्टा ठहरे कानून बमोजिम सहुँला बझाउँला ।

निर्माण ब्यवसायीको छाप

दरखस्ता बालाको :
दस्तखत :
मिति :

दृष्टब्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको ब्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूची - २

कार्यविधिको दफा (४) को उपदफा (५) र दफा (५) को उपदफा (३) संग सम्वन्धित

| क्र.सं | निमार्ण व्यवसायीको बर्ग | इजाजतपत्र दस्तुर | इजाजत पत्र नबिकरण दस्तुर | इजाजत पत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|
| १ | घ | रु. २५०० | रु. २५०० | रु. २५०० |

द्रष्टव्य : घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ .वमोजिमको दफा (५) को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजत पत्र नवीकरण थप दस्तुर महलमा उल्लिखित दस्तुर मात्र तिर्नु पर्नेछ ।

## अनुसूची - ३

कार्यविधिको दफा (४) को उपदफा (५) र दफा (५) को उपदफा (२) संग सम्वन्धित

**इजाजत पत्र**

इजाजत पत्र नं :
मिति :

पाखीबास नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
पाखीबास, धनकुटा

घ वर्गको निर्माण ब्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा (४) को उपदफा (५) बमोजिम निर्माण

ब्यवसाय गर्न.............................. कार्यालय भएको ...................... फर्म वा कम्पनीलाई इजाजत पत्र प्रदान

गरिएकोछ ।

इजाजत पत्र दिनेको :
दस्तखत
नाम :
पद :

(यस वृत्तभित्र कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्न)

मिति :
कार्यालय :

**नबिकरण :**

| नबिकरण गर्ने अधिकारी | नबिकरण गरेको मिति | नबिकरण बहाल रहने अवधि | नबिकरण दस्तुर भौचर नं र मिति | नबिकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

# अनुसुचि ४

निमार्ण व्यवसायीले गरेका सार्बजनिक निमार्ण कार्यको अभिलेख बिवरण (पासबुक)

| क्र. सं<br>१ | आयोजनाको बिवरण<br>२ | सार्बजनिक निकायका बिवरण<br>३ | संयुक्त उपकरणको नाम<br>४ | शेयर ∞<br>५ | ठेक्का बिवरण<br>६ | सार्बजनिक निकायको तर्फबाट हस्ताक्षर गर्ने पदाधिकारीको बिवरण<br>७ | समय अवधि थप बिवरण ( यदि भएमा)<br>८ | Variation को बिवरण (यदि भएमा)<br>९ | प्रगती बिवरण<br>१० | ठेक्का सम्पन्न बिवरण<br>११ | कैफियत<br>१२ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम<br>ख) संझौता मिति<br>ग) ठेक्का अवधि | क) नामः<br>ख) पदः<br>ग) हस्ताक्षर<br>घ) छाँप | क) थप समय :<br>ख) नाम<br>ग) पदः<br>घ) हस्ताक्षर<br>ङ) निणर्य मिति<br>च) छाँप | क) varatiयल पछिको contract amount<br>ख) varation को निर्णय गने पदाधिकारीको नाम | क) सम्पन्न रकमः<br>ख) सम्पन्न मितिः<br>ग) सम्पन्न ∞<br>घ) नामः<br>पद<br>हस्ताक्षर<br>छाप | क) अन्तिम ठेक्का रकम<br>ख) सम्पन्न मिति<br>ग) नामः<br>पद<br>हस्ताक्षरः<br>छाँप | |

# अनुसुचि -५

"घ" वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता र उपकरण

**१. आर्थिक क्षमता :**

प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी, साझेदारी फर्मको रुपमा घटीमा ५ लाख रुपैयाँका चालु पूँजी देखाई पाखीबास नगरपालिकाको उद्योग शाखामा दर्ता भएको हुनु पर्दछ ।

**२. आवश्यक जनशक्ति :**

- मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा स्नातक (BE) तह उत्तिर्ण गरेको एक जना प्राबिधिक कर्मचारी ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र वा बाणिज्य शास्त्र बिषयमा प्रबिणता प्रमाणपत्र तह उर्त्तीण गरेको एक जना एकाउन्टेन्ट ।
- मान्यता प्राप्त शिक्षण संस्थाबाट मानबिकी शास्त्रमा प्रबिणता प्रमाणपत्र वा सो सरह उर्त्तीण गरेको एक जना प्रशासनिक कर्मचारी ।
- माथि उल्लेखित जनशक्तिलाई निर्माण व्यवसायीले दिएको नियुक्ति पत्र ।

**३. मेशीन र उपकरण :**

(क) ट्रिपर /टयाक्टर ( एक/एक थान)
(ख) मिक्सर (एक थान)
(ग) Theodolite /Level Machine एक सेट
(घ) वाटर पम्प (तीन थान)
(ङ) भाइब्रेटर (तीन थान) -

स्पष्टिकारणको लागि :

- उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्व खुल्ने प्रमाण बिल तथा उपकरणको चेचिस खुल्ने गरि गरिएको विमा सम्बन्धी कागजात पेश गर्नु पर्नेछ ।
- यान्त्रिक उपकरणहरु ठीक अवस्थामा रहेको भनि मान्यता प्राप्त शिक्षण संस्थाबाट मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको प्रमाण-पत्र लिएको र इन्जिनियरीङ काउन्सिल (NEC) को सदस्याता प्राप्त गरेको मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको कागजात ।
- माथि उल्लिखित उपकरणहरु यदि भाडामा ल्याएको हो भने उपकरण धनीसंग समाग्री भाडामा कति समयको लागि ल्याएको हो सो खुल्ने गरि गरिएको सम्झौता पत्र अनिवार्य हुनु पर्नेछ । साथै यस्ता समाग्री भाडा लिने सम्झौताको म्याद समाप्त हुनु १५ दिन अगावै

म्याद थप नभएमा वा व्यवसायी आफैले कानून बमोजिम मान्य हुने गरि नयाँ वा तिनै भाडामा लिएका सामाग्री खरिद गरेको प्रमाण पेश नगरेमा निजले लिएको घ वर्गको इजाजत स्वत रद्ध हुनेछ ।

- उल्लेखित उपकरण राख्ने आफ्नै घर भएमा घरको नक्सा र आफ्नो घर नभएको खण्डमा उपकरण राख्नका लागि अरु कसैसंग घर जग्गा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपी ।